स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री प्रियंका कार्की इन्स्टाग्राममा दोस्रो धेरै पछ्याइने नेपाली सेलिब्रेटी बनेकी छन्। यो प्लाटफर्ममा उनलाई पछ्याउनेको संख्या शुक्रबारसम्म २० लाख नाघेको छ। पहिलो स्थानमा अझै पनि गायिका सिम्पल खरेल छिन्। इन्स्टाग्राममा सिम्पलको फलोअर्स संख्या २३ लाख छ। आफूलाई पछ्याउनेको संख्या २ मिलियन पुगेपछि प्रियंकाले हिमालय रोडिजको टिमसँग नाचेर खुसी मनाएकी छन्। उनले खुसी बाँडेको भिडियो सामाजिक संजालमा सेयर गरेकी छन्।

आजको विचार...



सामाजिक...
(दुई पेजमा)

डा. सन्जिब हुमागाई

अन्तरजातीय प्रेमजोडीले भोग्ने विभेद र त्यसविरुद्ध उनीहरूले गर्ने संघर्षको कथावस्तुमा फिल्म 'जदौ' निर्माण हुने भएको छ। आयोजित पत्रकार सम्मेलनमा फिल्मको औपचारिक घोषणा गरियो। 'जदौ' एक गीतको स्थायी हो। प्रेसमिटमा यसका कलाकार मुकुन भुसाल, नीति शाह, प्रभातपाल ठकुरी, विनोद न्यौपाने लिखित गीत वाचन गर्दा माहोल स्तब्ध बन्यो। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले महाकवि लक्ष्मीप्रसाद देवकोटाको बहुचर्चित कविता 'मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" वाचन गर्दै "जदौ" को टाइटल अनावरण गरे।



❒ वर्ष ३१ ❒ अंक ३ ❒ २०८२ साउन ३ गते शनिबार 19 July 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# ११ वर्षे बालक डेढ वर्षदेखि फलामे खोरमा

## खोरबाटै जीवनका खुसी खोज्दै

रासस

**रामपुर (पाल्पा),** साउन २/सडक छेउमा रहेको रुख नजिकै एउटा फलामे खोर बनाइएको छ । त्यही खोरभित्र थुनिएर जीवनका खुसी भेटाउने प्रयासमा छन्, बालक पवन कुमाल । पाल्पाको रामपुर नगरपालिका-६ स्थित तिलकपुर बस्ने ११ वर्षीय पवन करिब डेढ वर्षदेखि फलामको खोरमा जीवन बिताइरहेका छन् ।

उनको यो उमेर विद्यालयमा गएर लेखपढ गर्ने, साथीभाइसँग रमाउँदै नयाँ कुरा सिक्ने र जान्ने हो । बोल्न नसक्ने तर कोही मान्छे देख्यो भने मुस्कुराउँदै हातले इशारा गरेर आफूतिर बोलाउँदै गरेको कारुणिक दृश्य देख्ने जो सुकैलाई पीडादायी बनाएको हुन्छ । नजिक कोही व्यक्ति आउन चाहेन भने आफ्नै इशारामा (नबुझिने आवाज) आफूतिर आउन उनि आग्रह गर्छन् । पवनलाई खोरभित्र थुनिएर बस्न मन छैन् तर, शारीरिक तथा मानसिक अस्वस्थताका कारण बाध्यताले खोरमै बस्नु परेको छ । बोल्न नसक्ने, राम्ररी हिँड्डुल गर्न नसक्ने पवन खोरबाट बाहिर निस्कन पाउँदा औधी खुसी छन् । पवनलाई गाउँघर वरपर



हिँड्डुल गर्ने, खेल्ने रहर नभएको भने होइन । खोर बाहिरको संसारमा स्वत:फूर्त रमाउन पाउँदा पवनको अनुहारमा छुट्टै खुसीका चमक झल्कन्छन् । शारीरिक तथा मानसिक अवस्था कमजोर भएका कारण जीवनको खुसी फलामे खोरमा सिमित बनेको छ । सडक छेउमा रुखमा राखिएको फलामे खोरभित्र नै उनको खुसी लुटिएको छ । शारीरिक तथा मानसिक रुपमा अशक्त हुँदा यत्तिकै घरमै राख्न सकिने अवस्था नभएपछि बाध्यताले फलामको खोर बनाएर थुन्नुपरेको पवनकी आमा पुर्नामाया कुमालले बताइन् । "घरायसी कामकाज केही गर्न पाइँदैन, छोरालाई मात्रै हेरेर भएन, बिहान साँझ खानलाई काम गर्नुपर्छ, यसो आँखा छल्यो कि सडकतिर, गाउँतिर निस्कने भएकाले सडक छेउमा घर हुँदा गाडीबाट जोगाउन मुस्किल भएपछि सुरक्षाको लागि फलामको खोर बनाएर राखिकीहुँ", उनले भनिन्, "आफूले जन्माएको छोरालाई खोरमा थुनेर राख्ने रहर कसलाई पो होला र ? बाध्यता परेपछि जे पनि गर्नुपर्ने रहेछ ।" खोरमा थुनिएर बस्नु पवनको बाध्यता बनेको छ । प्रचण्ड गर्मी मौसम फलामको तातोपनासँगै जीवनका खुसीका रङ त्यही लुटिन पुगेका छन् । फलामे खोरमाथि जस्ताको पाता, त्यो पनि सामान्य काठले च्यापेर ओत लाग्ने अवस्थाको बनाइएको छ । ठूलो पानी, हावाहुरी आउँदा, चर्को घाममा बस्न सक्ने स्थिति छैन् । हावाहुरी आउँदा जस्तापाता नै उडाएर लैजाने डर छ । उनि जन्मजात नै सो समस्याबाट गुज्रिदै आएका छन् । फलामे खोरभित्रबाटै बाटो हिँड्ने बटुवा तथा यात्रीलाई इशारा गर्दै पवनले बोलाउन्छन् । उनलाई बोल्न नआए पनि हसिँलो मुहारमा हातले इशारा गर्दै बोलाएको यो दृश्यले सबैलाई भावविह्वल बनाउँछ । *-बाँकी अन्तिम पेजमा...*

## सक्षिप्त समाचार

### भारतमा चट्याङका कारण ३३ को मृत्यु

(रासस/एएफपी)

**पटना,** साउन २/पूर्वी भाारतमा मनसुनी आँधीका क्रममा चट्याङ् पर्दा कम्तीमा ३३ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको अधिकारीले शुक्रबार बताएका छन् । बिहारमा बुधवार र बिहीबार आएको भीषण आँधीका क्रममा यस्तो घटना घटेको भारतको विपद् व्यवस्थापन विभागले विज्ञप्तिमार्फत जानकारी गराएको छ । विभागका अनुसार खुला ठाउँमा काम गरिरहेका प्राय: किसान र मजदुरहरू चट्याङका कारण प्रभावित भएका छन् । पटनाका केही भागहरूमा अझै भारी वर्षा र चट्याङको पूर्वानुमान गरिएको छ । बिहार राज्यका विपद् व्यवस्थापन मन्त्री विजय कुमार मण्डललाई उदृत गर्दै एएफपीले सम्बन्धित जिल्ला अधिकारीलाई चट्याङको चेतावनीपछि सावधानी अपनाउन सुचना जारी गर्न निर्देशन दिइएको जनाएको छ । पटना सरकारले चट्याङ्बाट ज्यान गुमाउनेहरूका परिवारलाई ४० लाख रुपैयाँ क्षतिपूर्ति दिने घोषणा गरेको छ । पटना सरकारका अनुसार सन् २०२३ मा २७५ र सन् २०२४ मा कम्तिमा २४३ जनाको चट्याङका कारण मृत्यु भएको थियो । बिहारसहित भारतको पूर्वी क्षेत्र वार्षिक बाढीको जोखिममा छ जहाँ मनसुनको समयमा कयौंको ज्यान जानुकासाथै लाखौं मानिस विस्थापित हुने गरेको जनाइएको छ ।

## आइतबारदेखि भारी वर्षाको प्रक्षेपण



**पाल्पा,** साउन २/आइतबारदेखि नेपालमा भारी वर्षा सुरु हुने मौसमविद्हरुले पूर्वानुमान गरेका छन् । अहिले भारतको उत्तरप्रदेशतर्फ रहेको मनसुनी रेखा नेपालतिर सर्ने र त्यसको प्रभावले सोमबारसम्म देशभर नै भारी वर्षा हुने उनीहरुले प्रक्षेपण गरेका हुन् ।

शुक्रबार र शनिबार दिउँसोसम्म अवस्था सामान्य नै रहे पनि शनिबाररातिदेखि मनसुन सक्रिय हुने सम्भावना रहेको मौसमविद्हरुको भनाई छ । पानी पार्ने प्रणाली पूर्वबाट पश्चिमतिर सर्दै जाने र देशभर वर्षाको मात्रा बढ्ने पूर्वानुमान गरिएको छ । यसअघि बंगालको खाडीमा उत्पन्न भएको न्यूनचापीय प्रणाली भारतको उडिसा हुँदै नेपालतर्फ सरिरहेको थियो । त्यसको प्रभावले सुक्खाको मारमा परिरहेको मधेश प्रदेशका जिल्लामा पनि राम्रै वर्षा गराउने पूर्वानुमान गरिएको थियो । वर्षाको मात्रा बढ्दा बाढी पनि आउन सक्ने भन्दै मौसम विज्ञान विभागको बाढी पूर्वानुमान महाशाखाले काठमाडौं उपत्यकासहितका ३६ जिल्लामा बाढीको मध्यम जोखिम हुनसक्ने भनेर 'एलो अलर्ट' जारी गरेको थियो । तर त्यो प्रणाली मध्य बिहार हुँदै भारतको इलाहाबादतर्फ गएको थियो । त्यसको बादलको बाहिरी घेराले मात्र छोएकाले तराई मधेशका केही जिल्लामा हल्का मात्र वर्षा गराएको थियो । केही गाउँमा भने बादल मात्र लागेको थियो ।अहिलेको नयाँ प्रणाली भने अलि शक्तिशाली हुने अनुमान मौसमविदले गरेका छन् । सोमबारसम्म देभभर नै भारी वर्षा हुने भएकाले सचेत रहन मौसम पूर्वानुमान महाशाखाले सबैलाई आग्रह समेत गरेको छ ।

## पाल्पामा आज 'कोरा साइक्लिङ च्यालेञ्ज' हुँदै

**पाल्पा,** साउन २/पाल्पामा आज 'कोरा साइक्लिङ च्यालेञ्ज' हुँदै छ । पाल्पा साइक्लिङ संघको आयोजनामा साइकल पर्यटनबारे जानकारी होस् भन्ने उद्देश्यका साथ जिल्लाका धार्मिक पर्यटकीय क्षेत्रलाई समेट्ने गरि 'कोरा साइक्लिङ च्यालेञ्ज' हुन लागेको हो ।

संघले गत वर्ष दुई दिने 'हेरिटेज राइड-२०८१' सञ्चालन गरेको थियो । यस वर्ष भने कोरा २०२५ सञ्चालन गर्न लागिएको संघका अध्यक्ष रूपेश महर्जनले जानकारी दिए । दिस इज नट अ रेस, एभ्रीवन इज अ उइनर' भन्ने नाराका साथ हुन लागेको कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको उनले बताए । कोराको आधिकारिक टी-शर्ट सार्वजनिक गर्दै अध्यक्ष महर्जनले भने, "पाल्पामा दोस्रो




पटक व्यवस्थित ढङ्गले कोरा आयोजना गर्न लागिएको हो । यसले यहाँको पर्यटन, स्वास्थ्य, र वातावरणीय सचेतनामा नयाँ ऊर्जा ल्याउने छ ।" यो वर्षको कोरा यात्रा ऐतिहासिक र प्रभावशाली हुने विश्वास लिइएको उनको भनाई छ । कुनै पनि पवित्र तीर्थस्थललाई तीर्थ यात्रीहरुले घडीको सुईको दिशामा परिक्रमा गर्नुलाई 'कोरा' भनिन्छ । कार्यक्रममा ६० जना साइक्लिङ्ग सहभागी हुने संघका उपाध्यक्ष अमनकाजी शाक्यले बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अडियो रेकर्डले ल्याएको तरङ्ग

**पछिल्ला केही दिन यता घूस लेनदेनको अडियो सार्वजनिक भएपछि राजनीतिक वृत्तमा तरङ्ग आएको छ । राजनीतिक वृत्तमा बेलाबेला उच्च पदस्थ व्यक्तिहरूको अडियो रेकर्ड सार्वजनिक हुने घटना हुनु नौलो हैन । तैपनि त्यस्ता घटनाले मुलुकको राजनीतिक वातावरणलाई बारम्बार तरंगित बनाइरहेको छ । संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तासँग जोडिएको घुस लेनदेनसम्बन्धी अडियो सार्वजनिक भएपछि पुन: एकपटक यस्तै बहसको सुरुवात भएको छ ।**

**घूस लेनदेनको अडियो सार्वजनिक भएपछि मन्त्री गुप्ताले पदबाट राजीनामा समेत दिएका छन् । भूमि समस्या समाधान आयोग कास्कीको अध्यक्ष नियुक्ति र मालपोत कार्यालय कास्कीका प्रमुखको सरुवा रोक्ने दुई योजनामा घूस 'डिल' गरेको विवरण सार्वजनिक भएपछि उनले गत मंगलबार राजीनामा दिएका हुन् । मन्त्रीको राजीनामा मात्र आएको छ, तर यो विषय टुंगिएको छैन । उक्त अडियोमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीको नाम समेत मुछिएको छ । पोखरास्थित विवादित जग्गा प्रकरणसम्बन्धी 'अडियो रेकर्ड' आफ्नो चरित्र हत्या गर्ने उद्देश्यले सार्वजनिक गरिएको भन्दै उनले आफ्नो बचाउ गर्दै आएका छन् । यद्यपी अडियो सत्य हो वा होइन भन्ने विषयमा बहस गर्नुभन्दा पहिला यसको यथार्थ छानविन हुन आवश्यक छ । अडियोमा उल्लेखित व्यक्ति दोषी छन् वा निर्दोष, त्यसको प्रमाण पुष्टि नभएसम्म निष्कर्षमा पुग्नु हतार हुनेछ । तर, छानविन नगरी त्यस्तो अडियोलाई केवल षड्यन्त्रको संज्ञा दिंदै पन्छिन खोज्नु अनुचित हुनेछ । यसका लागि निष्पक्ष छानविन समिति गठन गर्नु अपरिहार्य छ । सरकार स्वच्छ प्रशासन र जवाफदेही शासनको पक्षमा छ भने यस्ता अडियो प्रकरणहरूको गम्भीर रूपमा अध्ययन र अनुसन्धान गर्नुपर्छ । अनुसन्धानमा दोषी देखिए जो सुकै भए पनि हदैसम्म दण्डित गर्न अपरिहार्य छ ।**

## Opinion @ Social Network


लास जलाएर फर्किएको मान्छे त फेरि त्यहि ठाँउमा गएर
जल्नु पर्छ भने तिमि के का लागि घमन्ड गर्छौ ।
*(सोना थापाको फेसबुक स्टाटसबाट www.facebook.com//Sona.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सामाजिक शिथिलता यथावत् राखेर अर्थतन्त्र चलायमान हुन्छ ?



डा. सन्जिब हुमागाई

*रोग पहिचान गरेर त्यसको उपचार विधि खोज्ने होइन कि पहिला उपचार विधि निर्धारण गरेर रोगलाई व्याख्या गर्ने दोषी चश्मा हावी भयो । यसले हामी जस्तै अवस्थामा रहेका देशहरूले कसरी क्रमिक सुधार गरे भन्ने सबैभन्दा आधारभूत र प्राथमिक प्रश्नको बहसको स्थानमाथि नै आधिपत्य जमाएको छ, दबाएको छ ।*

नेपालले किन अपेक्षाकृत विकास हासिल गर्न सकेन भन्ने बहस २०४६ सालपछि मूलभूत रूपमा दुई केन्द्रित रह्यो । पहिलोमा 'दलाल पूँजीवादमा हुने यस्तै त हो ब्रो' भनेपछि थप संवाद आवश्यक नै नठान्ने प्रचलन हावी रह्यो । उनीहरूले सुधारको अवस्था देखेनन् वा नजरअन्दाज गरे। दोस्रोमा नेपालको अहिलेको सबै समस्याका कारण र समाधानका उपाय विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका प्रतिवेदनमा बकाइदा लेखिएको छ, नेपालीहरूले त्यसलाई नपढेर तथा अनुसरण नगरेर यो हविगत भएको हो भन्ने विचारको दबदबा रह्यो । हाम्रा समस्याका मौलिक कारण प्रति उनीहरू पनि उदासीन नै रहे । निर्मम भएर समीक्षा गर्ने हो भने दुवै विचारले अतिवादलाई प्रोत्साहन गरे र खासमा हामी कहाँ छौं, हाम्रा प्रधान समस्याहरू के हुन् र तिनीहरूलाई सुधार गर्न के-कस्ता पहल आवश्यक छन् जस्ता आधारभूत प्रश्नहरूको बहसलाई जागरुक हुन् दिएनन् ।

रोग पहिचान गरेर त्यसको उपचार विधि खोज्ने होइन कि पहिला उपचार विधि निर्धारण गरेर रोगलाई व्याख्या गर्ने दोषी चश्मा हावी भयो । यो अप्राकृतिक र अव्यावहारिक ुवीकरण आफैंमा नेपाली समाजमा व्याप्त नैराश्यताको एउटा प्रमुख कारण हो । यसले हामी जस्तै अवस्थामा रहेका देशहरूले कसरी क्रमिक सुधार गरे भन्ने सबैभन्दा आधारभूत र प्राथमिक प्रश्नको बहसको स्थानमाथि नै आधिपत्य जमाएको छ, दबाएको छ । जसरी युद्ध र शान्तिको बीच अन्य राजनीतिक चरणहरू हुन्छन् त्यसरी नै समुन्नत समाज र आर्थिक रूपमा पछाडि रहेको समाजका बीचमा पनि विविध तह र चरणहरू हुन्छन् । हामी कहाँ छौं र यो चरणबाट अर्को चरणमा पुग्न समाजमा के-कस्ता सुधार आवश्यक छन् भन्ने विषयमा बृहत् छलफल र संवाद आवश्यक हुन्छ । विगत केही समयदेखि 'चलायमान अर्थतन्त्र'को पक्षमा वकालत सदनदेखि विश्वविद्यालयका कोठासम्म यत्रतत्र व्याप्त छन् । तर, आर्थिक कठिनाइका सामाजिक एवं राजनीतिक कारण हुन्छन् वा तिनीहरू एकअर्कासँग जकडिएका हुन्छन् भन्नेमा सबै खाले सिद्धान्तहरूले स्वीकार गर्दा पनि हाम्रोमा त्यस्तो बृहत् संवादले अझै स्थान पाउन सकेको छैन । हाम्रो ज्ञान उत्पादन प्रक्रिया, प्राथमिकता, विधि अर्थात् विश्वविद्यालयका विभाग, पाठ्यक्रम, अध्ययन एवं अनुसन्धानका प्राथमिकतादेखि ७६१ सरकारहरूले अध्ययन, अनुसन्धानमा हुने खर्च र त्यस्ता खर्च जुट्न बसेका दातृ निकायका प्राथमिकतासम्म निर्मम समीक्षा विना हाम्रो वर्तमान अवस्थामा तात्विक परिवर्तन ल्याउन सकिँदैन । सबैभन्दा पहिला, अहिलेको सामाजिक शिथिलतालाई यथावत् राखेर अर्थतन्त्रलाई चलायमान बनाउने अभ्यास जटिल र महँगो हुन्छ भन्ने स्वीकार गर्नु आवश्यक छ । आर्थिक वा मौद्रिक नीतिलाई कार्यान्वयनमा लैजान कस्तो सामाजिक वातावरण आवश्यक हुन्छ? यो हामी सबैले चिन्तन गर्नुपर्ने विषय होइन र ? मन्दी वा शिथिलता जस्ता शब्दहरू अर्थतन्त्र एवं राजनीतिमा धेरै प्रयोग भएको देखिन्छ । जस्तै सन् १९३० को दशकमा उत्पन्न आर्थिक मन्दी महामन्दी वा ग्रेट डिप्रेसन भनिन्छ । २१औं शताब्दीमा पनि सन् २००८ मा हामीले एक पटक आर्थिक मन्दीलाई अनुभव गरेका छौं भने सन् २०१५ पछिको राजनीतिक कालखण्डलाई लोकतान्त्रिक मन्दीको समय पनि भन्ने गरिएको छ । व्यक्तिगत जीवनमा शरीर र मन थाकेर केही गर्न मन नलाग्ने अवस्थालाई शिथिल अवस्था भन्ने गरिन्छ । जसरी हरेक व्यक्तिका शिथिलताका आफ्नै कारण हुन्छन् त्यसरी नै सामाजिक शिथिलताका पनि आफ्नै कारण हुन्छन् । राजनीतिक संस्कारदेखि आर्थिक असमानता वृद्धिसम्म सामाजिक वातावरणलाई खल्बल्याउने विविधि कारण हुन् सक्दछन् । कारण जे हुन्, सामाजिक शिथिलतामा रहेको समाजमा नागरिकहरू बीच विश्वासको ठूलो खडेरी हुन्छ र त्यसले व्यक्ति एवं समाजको उत्पादकत्वमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नकारात्मक असर पार्दै व्यक्ति र समाजको आत्मविश्वासमा संकट सिर्जना गरेको हुन्छ। यस्तो मनोवैज्ञानिक प्रभावका कारण व्यक्ति र समाज चलायमान हुनसकेका हुँदैनन्, खुम्च्याएर बसेको हुन्छन् । जसरी एउटा व्यक्ति शिथिल हुँदा स-साना गल्ती गरिरहन्छ, आफ्ना स-साना समस्या पनि समाधान गर्न सक्दैन त्यसरी नै समाजले पनि आफ्ना सानाभन्दा साना समस्या समाधान गर्न पनि लामो समय लगाउँछ । नेपाली समाज यतिखेर यस्तै-यस्तै मनोवैज्ञानिक कारणहरूले शिथिल छ । हो, अहिले राजनीतिकर्मी, नागरिक समाज र मिडियाले तर्क गरे झैं नेपालमा केही पनि भएन र हुँदैन भन्ने भाष्य गलत छ । राजनीतिक र भौतिक रूपमा प्रगतिहरू भएका छन् । तर जसरी भौतिक रूपमा स्वस्थ व्यक्तिहरू मानसिक कारणहरूले शिथिल हुन् सक्दछन् त्यसरी नै देशमा भौतिक विकास भए पनि समाजमा समस्याहरू उत्पन्न हुन् सक्दछन् । त्यसलाई पहिचान गर्नु, निराकरण गर्नु हामी सबैको कर्तव्य होइन र ? रोग लुकाउँदा के हुन्छ हामीलाई थाहा छैन ? फेरि माथिकै प्रश्न, मनोवैज्ञानिक रूपमा गलेको समाजले अर्थतन्त्रलाई चलायमान बनाउन सक्छ ? हामी स्पष्ट हुनुपर्‍यो । कि सामाजिक शिथिलतालाई स्वीकार गरेर यसलाई चलायमान बनाउने राष्ट्रिय अभियान सुरु गर्नुपर्‍यो । होइन भने, भन्न सक्नुपर्‍यो समाज शिथिल छ भन्ने तर्क अतिरन्जित र बकवास हो । आर्थिक, वित्तीय र मौद्रिक नै अर्थतन्त्र चलायमान हुन नसक्नु पछाडिका निर्णायक कारणहरू हुन् । हामीले समाधान पनि त्यहींबाट खोज्नुपर्दछ । तर, त्यस्ता धेरै आधार छन् जसले नेपाली समाजको शिथिलताका लक्षण स्पष्ट रूपमा देखाइरहेका छन् । हाम्रो समाजमा एउटा समूहले अर्को समूहको अस्तित्व नै स्वीकार नगर्ने गरी विश्वासको खडेरी रहेको छ । धेरै समूह, त्यसमध्ये पनि राजनीतिकर्मी, अध्येता वा विश्लेषकहरू प्रतिको नकारात्मक भाषाको प्रयोग अत्यधिक रूपमा वृद्धि भएको छ । यस्तो लामो अभ्यासले अहिलेका समस्याका सबै जड अरूमा छन् र म वा हाम्रो समूह मात्रै इमानदार, निष्ठावान र क्षमतावान छ भन्ने डरलाग्दो सोच हावी हुँदै गएको छ । यस्तो विभाजित मनोविज्ञानले अर्को जटिल र डरलाग्दो प्रश्न वा भाष्यको महामारी सिर्जना गरेको छ "सबले ठगेका छन् मैले मात्र दु:ख गरेर के हुन्छ ?" हो समाजमा व्याप्त यो मनोविज्ञान सामाजिक सत्य होइन। आज पनि नेपालमा दिन-रात नभनी दु:ख गर्ने, इमानदार जीवनयापन गर्ने, एकअर्कालाई सहयोग गर्ने व्यक्तिहरू नै धेरै छन् । त्यस्तो हो भने झनै, सामाजिक यथार्थ भन्दा टाढा रहेको शिथिलताको भाष्य चिर्न लाग्नुपर्दैन ? को-कसले कस्तो प्रयत्न गर्दैछौं? कि हामी पनि समूह कित्ताकाट गरेर शिथिलतालाई मलजल गर्दैछौं ? हामीले गम्भीर भएर प्रश्न गर्नुपर्दछ, विरोध र विमतिको सुन्दर लोकतान्त्रिक संस्कारमा 'घृणा'को बीउ कसले र कसरी रोप्यो ? सामाजिक अवस्था र भाष्य बीच खाडल हुन सक्दछ तर व्यक्तिहरूको कामप्रतिको विश्वास, तदारुकता, सम्मान, समर्पण र उत्पादकत्वमा आएको कमीको बारेमा उठेका सवालहरूलाई चटक्कै बेवास्ता गर्न सकिने अवस्थामा भने वर्तमान नेपाली समाज किमार्थ छैन । परिवारका सबै सदस्य सधैं सधैं सँगसँगै बस्नु जीवनको न्यूनतम आवश्यकता हो भन्ने तथ्यले सिङ्गो राष्ट्रलाई गिज्याउने अवस्था, जवान उमेरमा आफ्नो देशभित्र एकचित्त भएर आफ्नो सीप र क्षमता अनुसारको रोजगारी खोज्ने र यो नै मेरो अन्तिम रोजगारी हो भनेर दत्तचित्त भएर काम गर्ने कठिन हाम्रो श्रम बजार र प्रणाली, सूचनाप्रविधिको तीव्र विकासका कारण सिर्जित अनावश्यक भौतिक एवं बाह्य संसारकेन्द्रित सामाजिक प्रतिस्पर्धा जस्ता तमाम सामाजिक कारणहरूले नागरिकले आफ्नो जीवनको बहुमूल्य समय अलमल र द्विविधामा बिताउनु परिरहेको अवस्थालाई कदापि नकार्न सकिने अवस्था छैन । यसैबीच प्रक्रिया होइन नतिजा नै अन्तिम सत्य हो भन्ने हाम्रो पठनपाठन, सामाजिक स्वीकारोक्तिले विधि र विधान अनि प्रक्रियाभन्दा पनि लप्पनछुप्पन र अनौपचारिक सम्बन्धहरूलाई प्रश्रय दिएको छ। सोझो बाटो हिंडेर जीवनको गन्तव्यमा पुगिदैन भन्ने अर्को भयानक भाष्य स्थापित हुँदै गएको छ । यसरी हेर्दा, हाम्रो अर्थतन्त्रलाई चलायमान बनाउन सामाजिक शल्यक्रिया अपरिहार्य छ ।

एउटा समूहले अर्को समूहको अस्तित्व नै स्वीकार नगर्ने, गालीगलौज मात्रै गर्ने संस्कारमा आमूल परिवर्तन आवश्यक छ । सँगसँगै सवाल राष्ट्र निर्माणमा हरेक क्षेत्रको आ-आफ्नै महत्व र भूमिका पनि स्वीकार गर्नुपर्दछ। म र हामी बाहेक पनि हाम्रो समाज र राष्ट्रको बारेमा चिन्ता गर्ने धेरै छन् भन्ने तथ्य कुनै पनि सघन सामाजिक संवादको प्रस्थानविन्दु हुनुपर्दछ । जरुर, निश्चित समूहले आफ्नो काममा ध्यान दिन नसक्दा प्रश्न गर्नुपर्दछ । तर प्रश्न, उसको भूमिकालाई गतिशील बनाउनेतर्फ छ कि भाँजो हाल्नेतर्फ, हामी नागरिकले पनि विचार गर्नुपर्दछ । आज म जे छु यसमा समाजको अर्को सदस्यको पनि ठूलो भूमिका छ भन्ने स्वीकार गर्नुपर्दछ । तसर्थ, मेरो राम्रो हुनु भनेको मेरो मात्रै प्रयत्न होइन समाजका धेरै सदस्यको प्रयत्नको नतिजा हो भन्ने स्वीकार गर्नुपर्दछ । अनि मात्र एकअर्कालाई हेर्ने धारणा परिवर्तन र विश्वास अभिवृद्धि हुन्छ । हरेक नागरिक आफ्नो क्षमताको बारेमा विश्वस्त हुने अवस्था विना आर्थिक कायापलट असम्भव प्राय: हुन्छ । नागरिकहरूको आत्मविश्वास वृद्धिमा सरकार र शैक्षिक संस्था मात्रै होइन सिङ्गो राज्य लाग्नुपर्दछ । युवा उमेरको जनसंख्या गणना गरेर दंग पर्ने होइन नागरिकहरूको उत्पादकत्वमा आएको सुधारको ग्राफ हेरेर सन्तुष्टि लिने संस्कार र पद्धतिले प्राथमिकता पाउनुपर्दछ । त्यसका लागि गरिने प्रयत्नमा इन्तु, किन्तु, परन्तु गर्नुहुँदैन । प्रक्रिया प्रधान समाजको निर्माण विना दिगो आर्थिक, राजनीतिक र सामाजिक विकास कठिन र महँगो हुन्छ भन्नेमा सामाजिक स्वीकारोक्तिलाई स्थापित गर्नुपर्दछ । त्यस्तो समाजले मात्रै अर्थतन्त्रलाई चलायमान बनाउन सक्दछ । खासमा, अर्थतन्त्र र राजनीति चलाउने समाज हो र त्यो समाज पहिला फुर्तिलो, चलायमान हुनुपर्दछ ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वासमा वृद्धि हुनेछ। विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ। | **तुला** : प्रेमको बन्धन कसिनेछ। आफन्तहरूको स्नेह र सत्कार पाइनेछ। |
| **वृष** : परिस्थितिवस खर्चमा वृद्धि हुनेछ। आशा देखाउनेहरूको भरपर्दा दु:ख पाइनेछ। | **वृश्चिक** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ।शत्रुहरू आफै किनारा लाग्नेछन्। |
| **मिथुन** : म्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पढाइमा ध्यान केन्द्रित गर्न सकिनेछ। | **धनु** : शैक्षिक क्षेत्र फराकिलो बन्नेछ। गुरुजनहरूबाट सहयोग मिल्नेछ। |
| **कर्कट** : सजिलै लक्ष्य प्राप्ति गर्न सकिनेछ। तारिफ योग्य कार्यको चर्चा हुनेछ। | **मकर** : अरूको भरपर्दा कार्य बिग्रिन सक्ला। पारिवारिक सद्भावमा कमी आउनेछ। |
| **सिंह** : उपलब्धिका नयाँ स्रोतहरू फेला पर्नेछन्। धर्मकर्म प्रति मन लाग्नेछ। | **कुम्भ** : काममा सोचेजस्तो सफलता मिल्नेछ। धैर्य र आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **कन्या** : कामको लागि दौडधुप गर्नुपर्ला। तत्काल फाइदा हुने कार्य हात लाग्नेछ। | **मीन** : कलालाई निखार्ने अवसर मिल्नेछ। कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। |

# साहित्य दर्पण

निबन्ध — होम सुवेदी

## गमलामा रोपिएको पिपलको बिरुवा

मेरा घरका गमलामा केही थरिका फूल फुलेका छन् र केही नयाँ बिरुवाहरू रोपिएका पनि छन् । गमलामा फूल रोप्ने मेरो सोख छैन । त्यसले मेरो दरिद्र जीवनमा कुनै फाइदा पुर्‍याउँदैन र त्यसलाई चाकर गरेर मलाई कुनै लाभ छैन भन्ने मेरो आफ्नो मान्यता छ । यस्ता फूलहरू फुलाउनु र यसमा खर्च गर्नुमा मेरो सोख उति नभए पनि यस्ता बिरुवा रोप्ने र हुर्काउने सौख मेरी सहधर्मिणीमा उहिल्यैदेखि आएको देखेको छु । मलाई भने यो कहिल्यै आएन । नआए पनि उसले रोपेका बिरुवा र फूलहरूमा म बाध्य हुन्छु, पानी हाल्न । म गन्गनाउँछु–"यी रोपिएका बिरुवाहरूबाट फूल नभई डलर फुल्ने भए म यिनैको सेवामा आफूलाई अर्पण गर्ने थिएँ !" उनी तिलमिलाउँछिन् । म उनको तिलमिलाइबाट आनन्दित हुने गरेको छु । यसरी गमलामा रोपिएका बिरुवाहरू कति हुर्किएका छन्, कति हुर्कदैछन् र कति हुर्कने सुरमा छन् । कति फुलेका छन्, कति फूल्दै छन् र कति मौसम अनुसार फुल्दछन् । मेरी धर्मपत्नीबाट पूजा गर्न र शनिको दोष मेटाउनका लागि भनेर कताबाट हो निकै पहिले नै ल्याएर एउटा गमलामा पिपलको बिरुवा पनि रोपिएको छ । मलाई पनि शनिको दशा लागेको छ । शनिबार पारेर कहिले कहिले त्यसमा म पानी चढाउँछु । आत्मिक शान्ति पनि मिल्छ । मेरी धर्मपत्नी भने त्यसलाई नित्य पानी चढाएर आत्मतृप्तिको र आत्मिक शान्तिको अनुभव गर्दछिन् । त्यसमा मैले पनि नित्य पानी चढाउनुपर्ने उनको सल्लाह छ । उनैका लागि र मेरै लागि पनि कहिलेकाही म त्यस पिपलमा पानी चढाएर प्रार्थना गर्दछु । नगरेर के गर्नु ? हिन्दू धर्मी परें ! खुला छातीले नभए पनि अनिकति विश्वास त गर्नै पर्‍यो । कताबाट हो कुन्नि पिप्पलको त्यही गमलामा एउटा कदमको बिरुवा अचानक आफैँ उम्रिएको थियो । छिमेकी र मेरो बारीमा सीमानामा पर्ने गरी लगेर त्यसलाई मैले आफैँ रोपिदिएको थिएँ । म झल्झली सम्झन्छु– त्यस गमलाबाट उखेलेर बारीका डिलमा लगेर रोपिएको कदमको त्यो बिरुवा दश वर्षको भएछ । तर दश वर्षमा नै रोपिएको बिरुवा यति ठूलो हुन सक्छ के त ? म दङ्दास परेको छु । त्यो कदमको बिरुवा अब बडेमानको रुख भइसकेको छ । त्यसमा कहिल्यै पानी हाल्नु परेन, त्यसलाई कहिल्यै मल हाल्नु परेन, त्यसमा कहिल्यै पूजा गरिएन तर त्यो आज अजङको रुख भएको छ । वर्षवर्ष दिनमा त्यसका हाँगा छाँस्नु पर्छ । नछाँसे त्यसले सारा बारीलाई सेप पारेर उब्जाउका लागि असर पार्दछ । मेरो बारीलाई असर पारे ता केही थिएन छिमेकीका बारीलाई समेत असर पार्दछ । यसैले यसका हाँगा नछासी धरै पाइँदैन । यसबाहेक त्यस रुखमा चढेर हाँगा नछास्ने हो भने अरु समस्या पनि पार्छ । हिउँदमा घाम ताप्न पनि छाया पार्दछ । अर्को साल त्यसलाई ढालेर चिरान गरी फर्निचर बनाउनु पर्ने बारेमा विचार गर्दैछु । कदम उम्रिएको जन्मथलोसँगैको गमलामा रोपेको लगभग जुम्ल्याहा जस्तो पिपलको बिरुवा भने झन्झन् ढिँगुरिदै छ । सँगैको जुम्ल्याहाका रूपमा उम्रिएको यो कदम आज रुख भयो, अजङ्गो, यामानको । तर यो पिपल भने बिरुवाको बिरुवै छ । पोथ्रो र बुथुरोसम्म पनि हुन पाएको छैन । यी दुईको तुलना गर्दा मलाई नेपाल र भारत जस्तो लाग्दछ । एकै समयमा प्रजातन्त्र आएका भा।रतले विश्वमा अजङको रूप लिइसक्यो तर नेपाल भने यही पिपलको बिरुवा जस्तो सधैँ ठिंगुरिएको छ ठिंगुरिएको छ । यसको विकास किन तलतिर मात्र भएको छ ? किन यो देश मेरो गमलाको पिपलजस्तो भयो ? कारण के हो ? यो पिपललाई अरु दिन नभए पनि शनिवारको दिन पारेर अझ पनि पानी हालिँदैछ, पूजा गरिँदैछ, स्याहार सुसार गरिँदैछ, तर पनि यसको वृद्धि भने क्रमिक रूपमा तलतिर गइरहेको छ । गमलामा रोपिएको यो पिपल किन ठिंगुरिन्छ भन्ने कुरामा सबैलाई थाहा छ । मलाई यसबारे बखान्नु छैन । नेपाल पनि किन तलतिर झरिरहेको छ ? यसबारे पनि सबैलाई थाहा छँदैछ, मलाई यसमा पनि केही बखान्नु छैन । यस पिपलका जरा वर्ष वर्ष दिनमा गमलाको पिँधमा निस्कन्छन् । जरालाई बढ्नबाट रोक्नका लागि काटिन्छ । यसैले उसको वृद्धि भएको छैन । नेपालका जरा कसरी काटिँदैछन् यो पनि सार्वजनिक यथार्थ हो । यसबारे पनि बखान्नुपरेको छैन । यो सार्वजनिक तथ्य नै हो । कसैको उन्नति हुन लाग्यो भने जरा काटिने परम्परा हाम्रोमा पुरानो बेलादेखिको हो । नेपालका जरा पनि उन्नति हुनबाट काटिँदै गरेका छन्, अब त यसका हाँगाबिँगा पनि छासिन लागेका छन् । पिपलबाट मलाई त्यही ज्ञान हुन्छ । उन्नति र उत्थानका लागि मानिसले मानिसका जरा पनि छिनाउने गर्दछन् र उन्नति हुन लागेका मान्छेको गति पनि यही पिपलको नियति जस्तो हुन्छ । उसको आर्थिक र सामाजिक अवस्था यही पिपलको जस्तो हुन्छ । ठिगुरिन्छ र क्रमश: आफ्नो गतिबाट वञ्चित हुँदै जहींको तहीं खुम्चिएर बस्नु पर्ने स्थिति बेहोर्छ । आज मेरा देशले पनि त्यही दशा बेहोरेको छ । यसका पनि हातपाउ छासिएका छन्, यसका जरा काटिएका छन्, यसको शरीर क्षतविक्षत पार्ने उपक्रम शुरु भएको छ, यसलाई तराई, पहाड, मधेश, भावर, उपत्यका, हिमाल आदिका हाँगाबिंगाहरू छासिन थालेका छन्, बाँडिन थालेका छन् । बिलोबिलो गरेर बाँडिने उपक्रम थालिएको छ । चोक्टाचोक्टाहरू बाँडेर बिलो लगाउने काम शुरु भएको छ । अनि मेरो गमलामा रोपिएको पिपलका साथ यस देशको तुलना हुन सक्ने स्थिति उब्जन गएको छ । मेरो देश पनि पिपलझैँ कठ्याङ्रिएर सधैँ ठिगुरिएको छ । सँगैका स्वतन्त्र भएका मुलुकहरू कदमझैँ मौलाएर अर्काका लागि सेप लगाउने भइसकेका छन् । सँगै विकासको गति बढाएका मुलुकहरू कदमझैँ हौसिएर आफ्नो सीमाभन्दा परसम्म हाँगा फैलाउन सक्ने भएका छन् । मेरो देश भने आफैँमा ठिंगुरिएको छ । यसलाई फैलन कहिले सत्र सालका करौंतीले हाँगा काटियो, यसलाई मौलाउन कहिले छयालिस सालका खुकुरीले जरा तिखारियो । यसका पातलाई लहलहाउन कहिले सङ्कटकालका कैंचीले छासियो, यसलाई झाँगिन कहिले 'युद्ध जारी छ' का बञ्चराले ठुँगियो । मुडुलो पारियो कहिले यसलाई संविधान सभा नामका धारिला खुर्पाले । गमलाको पिपलको बुथुरो र त्यसैमा उम्रिएको कदमको रुखबाट म आफ्नो इतिहास पनि झल्झली सम्झन्छु । मसँगैको साथी थियो जसको नाम लिनु पनि मलाई आफैँ ठिंगुरिनु जस्तो हुन सक्छ । उसको नाम नलिऊँ । ऊ सानैदेखि अलग किसिमको थियो । हामी एकै गमलामा उम्रिएका पिपल र कदम जस्ता थियौं । हामी छिमेकी थियौं । सँगै पढ्यौं । सँगै बढ्यौं । सँगै खेल्यौं र सँगै जागिरे भयौं । ऊ अर्थमन्त्रालयमा पर्‍यो म त्रिभुवन विश्वविद्यालयमा परें । ऊ आजसम्म कदमको रुख जस्तो मात्र होइन, चौतारामा फैलिएको वरको रुखझैँ चारैतिर फैलिएको छ । बरका रुखले जमीनमा जरा गाडेझैँ उसले देशका विभिन्न ठाउँमा जरा गाडेको छ । काठमाडौंमा भव्य भवनहरूका रूपमा उसका जरा गडिएका छन् । भव्य महलहरू बनाएर बर फैँलदाझैँ फैलिएको छ, करोडौंको भ्रष्टाचार रूपी फल उसको महलमा पाकेर बारै मास लदाबदी छन् । भक्तपुरका ज्यापूले मल हालेर हौस्याएको रायाको झांगजस्तो उसको हौस्याइ छ । ऊ निरन्तर। झ्याङ्गिएको छ र अरबौंको बजेटको बख्खू ओढेर बाटोभरि हिँड्छ । करौडौंको खेलो फड्को गर्नु उसको चरित्रको विशेषता हो । बरका रुखमा फल पाकेको बेला अनेक थरिका चराचुरुङ्गीहरू बसेर त्यसको फल मनलागी खान्छन् । तर यो बरको रुखमा कुनै चरोले चाख्न पनि पाउँदैन । उसलाई भ्रष्टाचार र अख्तियार पनि लागेको थियो । त्यो बेला मात्र यसले चराचुरुङ्गीहरूलाई फल चाख्न दिएको थियो र आफू महान् उपकारीको रूपमा देखापरेको थियो । उसका घरभित्र पस्न पनि मलाई आफू अयोग्य जस्तो अनुभव गर्छु । बैंकमा अकूत सम्पत्तिको कुम्लो राखेको छ । पैसाका थाकमा पाकेको छ । छोराछोरीलाई युरोपका धनी मुलुकमा आफ्नै खर्चमा पढाउँछ । शेयर वजारको भाउ तलमाथि पारेर आफैँ मनचिन्ते गरी बढाउँछ । तर म भने गमलाको ठिंगुरिएको पिपल न भएँ । सधैँ उस्ताको उस्तै र अझै तलतिर भासिएको छु, धसिएको छु । घरमा पुत्रपुत्री र पत्नीहरूले सधैँ उसको उदाहरण दिन्छन् । उनीहरूको चित्त बुझाउन म आफू भन्दा तलतिर हेर्ने आदर्श वाक्य भनिदिन्छु । उनीहरू पनि ठिंगुरिन्छन् । ठिंगुरिएका बोटको बिउबिजन कति नै उन्नत हुन्छ र ? यो मेरो जुम्ल्याहाजस्तो मित्रको पुरुषार्थबाट र मजस्तो ठिंगुरिनेको चरित्रको अध्ययनबाट मलाई दिव्य ज्ञान पनि मिलेको छ । कुनै कुनै मान्छेको जीवन पनि यही गमलामा आफैँ खुम्चिएको पिपलको जस्तो हुँदो रहेछ र कुनै मान्छेको जीवन कदमको वृक्षझैँ फैलिएको पनि हुँदो रहेछ । यसै पिपलको बोटलाई म आफैँले कदमलाई जस्तैं कतै सारिदिएको भए यो पनि आज कदमकै गतिमा झाङिने थियो । तर उसको नियति मेरो घरको गमलामा ठिगुरिनुमा छ, उसको समय मेरो घरको शनिभगाउनमा छ, उसको भाग्य जरा सधैं काटिनु र मठारिनुमा छ । यसैले म आफ्नो जीवनसँग पिपललाई तुलना गर्दछु । अनि म आफू ठान्दछु– मेरो जीवन पनि यही पिपलको बुथुरोजस्तो भएको छ । मेरै गमलाको पिपलझैँ । मेरा इच्छाहरू पनि यही पिपलको जरा काटिएझैँ काटिने गरेका छन् । मेरा भावनाहरू पनि यही पिपल झैँ ठिंगुरएका छन् । मेरो बाध्यताहरूले मलाई गमलाको बुटो झैँ कक्रक्याएका छन् । मलाई कतै पनि आफूले चाहेको जस्तो गरी फैलने अवसर परेको छैन । सँगैको साथीसँगातीहरूको फैलावटका उदाहरणहरू देखेर मलाई भने हीनताको रोगले कक्रक्याएको छ, जकड्याएको छ । अब खुम्चिएर चित्त पनि बुझाउन थालेको छु । आखिर मान्छेहरू पनि सबै कदमको रुख जस्ता हुन सक्ता रहेनछन् । कसैले पिपलको बुथुरो जस्तो कक्रकिनु पर्दोरहेछ, अवसर पाएभने कोहीकोही कदमकै रुखझैँ फैलने रहेछन् । मैले अवसर पाइन त्यसैले पिपलझैँ अररिएको छु, कक्रकिएको छु । अब यसै कक्रक्याइसँग सम्झौता गरेर आनन्दमग्न हुने विचारमा छु ।

*-समकालीन साहित्य डटकम*

कथा — युगल बसेल

## अधुरो अठोट

बिस्नी - नमुकी दौँतरी, उसकी बालो उमेरकी साथी । हालै पखेरामा सोत्तर बटुल्नको लागि गएको बेला बिस्नी सल्लीपीरमा चिप्लिएर भिरबाट लडेर ठहरै मरिछे । यो दुखलाग्दो खबर अचानक आज सुन्दा नमुका आँखा रसाए, मुटु चस्कियो, दृष्टि धमिलो भयो । "कस्ती अभागिनी रहिछ बिचरी,कहिल्यै सुख र सन्तोष अनुभव गर्न पाइन । बिचरीको जिन्दगीको आखिरी घडी पनि कसलाका साथ नै बितेछ," भन्ने कुरा नमुको मनमा हुन्डरी बनेर भुमरी पर्दै मडारिइरह्यो । भर्खरै त हो, राम्रो कमाइमा लागेकी नमुले पनि । अब अलिकता बिस्नीलाई प्रष्ट राहत अनुभव हुने मात्राको रकम सहयोग गर्नुपर्ला भन्ने सोचाइ नमुको मनमा आइरहेको बेलामा हरे कस्तो मुटु नै चिरिने खबर सुन्नुपर्‍यो ! नमुको मन बेसरी अत्तालियो, के गरूँ कसो गरूँ भयो । नमुको मनमा बीस वर्षअघिका घटनाहरू टेलिभिजनको पर्दामा चलचित्रझैँ गरेर नाच्न थाले । बीस वर्षअघि तुम्कोटमा बिजुली बत्ती भित्रिएको भर्खर दुई तीन वर्ष भएको थियो । रात पर्‍यो कि चकमन्न हुने गाउँमा राति अबेरसम्म मान्छेरू छिमेकमा जाने र फर्कने गर्न थालेका थिए । टिमटिमे टुकीको उज्यालोमा बानी बसिसकेका गाउँलेहरूलाई कुनै रात साँझमा बिजुली जाँदा आँखाको रोशनी नै हराए जस्तो लाग्न थालेको थियो । क्यासेट प्लेयरमा थरीथरीका दोहोरी लोक गीतहरू चर्को स्वरमा गुन्जिन थालेका थिए । नमुका बुबा कपडा पसल चलाउँथे । उनको घरको छाँटकाँट अरू गाउँलेको भन्दा बेग्लै थियो, चमकदार थियो, रवाफदार थियो । बिजुली आएपछि त्यस घरको रौनक अझ बढेको थियो । अरू कसैको घरमा नभएको टेलिभिजन पनि उनको घरमा भित्रिएर घन्किन थालेको थियो । साँझ पर्‍यो कि नमुका घरमा टेलिभिजन हेर्न आउनेहरूको घुइँचो लाग्थ्यो । दोहोरी गीत आउने दिन त टिभी राखेको मझेरीमा खुट्टा राख्ने ठाउँ समेत हुँदैनथ्यो । बिस्नी एक वर्ष जेठी भए पनि दुवैले एउटै कक्षामा पढ्थे । यी दुई बीचमा असाध्यै राम्रो मेल थियो । दुवैजना सँगसँगै पाठशाला जान्थे र सँगसँगै फर्कन्थे । नमुलाई आमाले पोल्टामा राखिदिएको नास्ता दुवैले बाँडिचुँडी खान्थे ।

धेरै जसो घर बाहुनहरूका थियो यस गाउँमा । उनीहरूको घरमा बिस्नीलाई तल्लो जाति भनेर छि:छि: दुरदुर गरिन्थ्यो । बिस्नीका बाआमाले तिनै बाहुनहरूका घरखेतमा बनिबुतो गरेर दु:खसँग गुजारा चलाउँथे । एक छाक मकै एक छाक भोकै जस्तो गरेर उनीहरूले निर्वाह चलाउनुपर्थ्यो । गाउँमा बिजुलीले ठूलो फेरबदल ल्याइदिए पनि बिस्नीको बुकुरोमा भने बिजुली छिर्न पाएको थिएन । अरू घरमा बिजुली बत्ती झिलिमिली बल्दा पनि उसको घरमा टिमटिमे ढिब्री टिलपिलाउने गर्थ्यो । धेरै बेर बाल्न मट्टीतेल नपुग्ने भएको हुनाले ढिब्री पनि अति नै खाँचो परेको बेला मात्रै बाल्ने गरिन्थ्यो । बिजुलीको मिटर, तार, गुलुप, होल्डर, बटन जस्ता सामानहरू किनेर बिजुली जोड्ने बर्कत उनीहरूको थिएन । त्यसैले बिजुलीबत्ती उनीहरूको लागि आकाशको फल आँखा तरी मर जस्तै भएको थियो । नमुले एक दिन आफ्ना बाबासँग सोधेकी थिई, "बाबा, बिस्नीको घरमा किन बिजुली बत्ती नबलेको ?" उसका बाबाले ठट्यौली परामा जवाफ दिएका थिए, "उसको घर धेरै चिसो छ क्या नानी, त्यसैले बिजुली नबलेको ।" काँचा वा पानीले भिजेका दाउरा चुलोमा नबल्दा आमाले घाममा सुकाएको नमुले देखेकी थिई । त्यसैले बाबालाई भनेकी थिई, "बाबा, बिस्नीको 'घर' घाममा लगेर सुकाइदिनुस् न । चिसो घर सुकेपछि त बिजुली बलिहाल्ला नि । थप जवाफ दिइरहनु भन्दा "हुन्छ कुनै दिन सुकाउँला," भनेर उनी पन्छिएका थिए । बिस्नीसँग भेट भएपछि नमुले भनेकी थिई, "तिमीहरूको घर त चिसो भएर बिजुली नबलेको रे । आफ्नो बाबालाई घर घाममा सुकाउन भन न तिमीले ।" "तिमीहरूको घरमा जस्तै तार, गुलुप, मिटर नभईकन कसरी बल्छ र बिजुली ?" एक वर्ष मात्रै जेठी भए पनि अलि पाकोपन देखाउँदै बिस्नीले भनेकी थिई । "म हाम्रो बाबालाई सबै चीज किनिदिन भन्छु अनि तिम्रो घरमा पनि बिजुली बालम्ला है ।" भन्दै नमुले बिस्नीलाई आशा देखाएकी थिई । आफ्नो घरमा बिजुली बलेको सपना देख्दै घर पुगेपछि बिस्नीले आफ्नो बाबासँग भनेकी थिई, "नमुका बाबाले हाम्रो लागि तार, गुलुप किनिदिने रे, बाबा । हाम्रो घरमा पनि छिट्टै बिजुली बल्छ रे ।" "त्यस्तो सपना नदेख, नानी ! भन्ने मात्रै हो,कसैले किनिदिँदैनन् ।" बाबाले निराशा पोख्दै भनेका थिए । यो सुनेर बिस्नी निराश भएकी थिई । नमुकहाँ टिभी आएदेखि साँझबिहानै बिस्नीको बास त्यहीं हुन थालेको थियो । भित्र पस्ने ढोका छेउको दलानमा बसेर आँखा झिमिक्क नपारी उसले टिभीको पर्दा हेर्ने गर्थी । पर्दामा रङ्गीचङ्गी लुगा पहिरेका मान्छेहरू फन्याकफुरुक गरेको, थरीथरीका जन्तुहरू कुदेको र केटाकेटीहरू खेलेको हेर्न उसलाई असाध्यै मन पर्थ्यो । जाडोमा सिमेन्टीको चिसो दलानमा बसेर टिभी हेर्दै गरेकी बिस्नीलाई देखाउँदै नमुले आमासँग सोध्थी, "आमा, तपाईं मलाई त चिसो लागेर बिरामी परिन्छ भनेर दलानमा बस्न दिनुहुन्न । बिस्नीलाई त केही भन्नुहुन्न त ?" "उसको जाडो त उसैको मनेले खाइदिन्छ नि । त्यसैले उसलाई चिसोले भेट्दैन ।" आमाले बहाना बनाउँदै भनेकी थिइन् । "मलाई पनि त्यस्तै जाडो खाने मने ल्याइदिनुस् है ।" नमुले लाडिँदै भनेकी थिई । "हुन्छ हुन्छ, भोलिपर्सि ल्याइदिउँला ।" भन्दै हाँसेर आमा भान्साघरतिर लागिथिन् । एकदिन आमाले भान्साबाट तातातातातो मकैका फूल थालीमा राखेर नमुलाई ल्याइदिएकी थिइन् । बिस्नीलाई भने हेलासी गरेर ठेट्ना मकै बौतामा राखिदिइथिन् । भोक लागेको बेला बिस्नीले ठेट्ना मकै भए पनि कच्याम कच्याम चपाई । आमा भने भुतभुताउँदै थिइन्, "आमाबाउले थोरै काम गरिदिए पनि औंला भाँचीभाँची कसेर ज्याला हिसाब गर्छन् । तिनकी बानलाई भने मैले बिहान साँझै घँस्याउनुपर्ने । तातो न छारोसित अर्काको बाछो चाटी मुखमा रौँ हुने कुरा थाहा हुँदाहुँदै पनि पोस्नुपर्ने मैले ।" तै बिस्नीको कानमा आमाले बोलेको रुखो कुरो परेन । नत्र बिचरीको अनुहार कति दयालाग्दो हुन्थ्यो होला ! बिस्नीको भागमा एउटै फुल पनि नदेखेपछि नमुलाई नमज्जा लाग्यो । आमासित सल्लाह माग्दै उसले भनी, "आमा , हामी दुवैजना सँगै बसेर मकै खान्छौं है ।" "हुँदैन । उसले छोएको खायो भने तेरा झरेका दाँत पलाउँदैनन्, बुझिस् ?" आमाले उसलाई सावधान गराएकी थिइन् । "हजुरबाका दाँत कसले छोएको खाएर नपलाएका हुन् त, आमा ?" हजुरबाको थोते मुख सम्झँदै नमुले खुल्दुली पोखेकी थिई । "उहाँका दाँत पनि छोइएको खानाले त्यस्ता भएका हुन् ।" आमाले ढँटुवारे जवाफ दिएकी थिइन् । "हामीले छोएको खाँदा बिस्नीका दाँत पलाउँछन् कि पलाउँदैनन् नि ?" नमुले अर्को बालसुलभ प्रश्न राखेकी थिइन् । "कुन्नि के गर्छन् ! तेरो बाबालाई सोध्, मलाई थाहा छैन ।" भनेर आमा तर्केकी थिइन् । नमुले र अरू केटाकेटीले जस्तै गरेर भित्रै मझेरीमा बसेर बिस्नीले टिभी हेर्न किन नभएको हो त्यो कुरा दुवै जनालाई थाहा थिएन । बाहुनहरूको सँघार नाघ्ने हक बिस्नीलाई थिएन । उस्तै हात, उस्तै खुट्टा, उस्तै आँखा, मुख र नाक भए पनि बिस्नीलाई किन भित्र पस्न नमिलेको हो भन्ने कुराको मर्म दुवै अबोध केटीहरूले बुझ्न सकेका थिएनन् । बिस्नीलाई कुनै डरलाग्दो सरुवा रोग लागेको पनि थिएन । देख्दा ऊ नराम्री घिनलाग्दी पनि थिइने । न उसको बानी व्यहोरा नराम्रो थियो ।

रगतको रङ पनि फरक थिएन । ऊ पनि मान्छेकै गर्भबाट जन्मिएकी थिई । तर पनि बिस्नीलाई अछुत किन ठानिन्छ भन्ने दुवै साथीको दिमागले बुझ्न सकेको थिएन । एकदिन टिभी हेर्दा अरूको टाउकाले टिभी छेलिएकोले बिस्नीलाई तन्किनुपर्‍यो । तन्किँदै गर्दा उसको दाहिने खुट्टो अनायासै सँघारभित्रै छिरेछ । आमाको चनाखो नजर भित्र छिरेको खुट्टामा परिहालेछ । उनी रिसले मुर्मुरिइन् । हजुरबाको तमाखु खाने नलीले सोट्टाउँदै आमा बमकिइन्, "जसको जौ खाने,उसैको जुँगा मुड्ने ? हामीले नै हरदिन खान दिने, टिभी हेर्न दिने, छोरीसँग खेल्न दिने । यसले भने हाम्रै घर बिटुलो पारिदिने ?" बिस्नीमाथि रिस पोखेपछि आमाले गउँत, गङ्गाजल, सुनपानी के के छर्केर घर चोख्याएकी थिइन् । घर त के बिटुलिएको थियो र, आफ्नै बिटुलो मन चोख्याएकी थिइन् । नलीको दुई चोट पाएर बिस्नीका पिँडौलामा निला सुम्ला उठेका थिए । ऊ डरले खुलेर रुन पनि सकिरहेकी थिइने । निसासिँदै सुँक्कसुँक्क गर्दै थिई, गला अवरुद्ध भएको थियो । नमुलाई साह्रै नमज्जा लाग्यो र ऊ पनि बाहिर आई । उसका अनुहारमा करुणाका रेखा कोरिए । बिस्नीका गालाका ताता ताता आँसु पुछिदिँदै उसले रोइरहेकी आफ्नी प्यारी साथीलाई फुल्याउने कोशिश गर्दै भनेकी थिई, "नरोऊ, बिस्नी ! म ठूली भएपछि तार, गुलुप, टिभी जम्मै किनिदिन्छु । अनि तिम्रै घरमा बसेर हामी दुवैले टिभी हेरौंला, खेलौंला । तिम्रो घरभित्र अरू कोही पस्यो भने हामीले पनि यसरी नै नलीले हिर्काउँला, ल ।" नमुको मायालु बोली र स्पर्शले बिस्नीको हिक्का झन् झन् बढेको थियो ।

मनभित्रको बेथा छलछली पखालुँला झैँ गरेर बलिन्धारा आँसु झरेका थिए । यो देखेर नमुका आँखामा पनि आँसु छचल्किएका थिए । यी दुवै जनाको रुवाबासी देखेर टिभी हेर्न बसेका सबैको मन कमल भयो । 'यिनीहरूको माया कहिल्यै नछुटोस्, भगवान् !' भनेर एकदुई जनाले पुकारा पनि गरेका थिए । बितेको समयमा रङ्मङ्गिन पुगेको नमुको मन फेरि वर्तमानमै फिर्ता आयो । खोलानालाबाट धेरै पानी बगिसकेको छ, समय फेरिइसकेको छ । पहिलेको जस्तो बाहुनले दलितलाई छि:छि: दुरदुर गर्ने हालत अहिले भने छैन । बिस्नीको घरमा टिभी नपुगे पनि बिजुली भने पुगिसकेको छ । नफेरिएको भनेको उही बिस्नीको गरीबी हो । अबको सुएिको आफ्नो कमाइले बिस्नीको गरीबीलाई फेरिदिने नमुको बलियो अठोट अधुरै रह्यो, कहिल्यै पूरा हुने भएन ।

*-साहित्यपोस्ट डटकम*

# वामदेव र माधवको पार्टीबिच एकता




**पाल्पा,** साउन २/नेकपा एकीकृत समाजवादी र नेकपा एकता राष्ट्रिय अभियानबीच पार्टी एकता भएको छ । शुक्रबार राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रमबीच दुई पार्टीबीच एकता घोषणा भएको हो ।

दुई पार्टीका अध्यक्षहरू माधवकुमार नेपाल र वामदेव गौतमबीच गत शुक्रबार पार्टी एकता गर्ने सहमति पत्रमा हस्ताक्षर भएको थियो । एकीकृत समाजवादीमा गौतमलाई वरिष्ठ नेताको जिम्मेवारी दिने त्यतिबेलै सहमति भएको थियो । सोहीअनुसार एकता घोषणा भएको हो । अब पार्टीमा अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र वरिष्ठ नेताका रुपमा वामदेव गौतम हुनेछन् । दुवै पक्षका नेताहरुले पार्टी एकतालाई वामपन्थी एकताका लागि महत्वपूर्ण योगदान गर्ने बताएका छन् ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालले नेकपा एमालेसँग पार्टी एकताको कुनै सम्भावना नरहेको बताए । उनले भने,"त्यहाँभित्रको अवस्था हामीले देखेका छौँ । कसैको लसपस छ भने आसाअपेक्षा छ भने मेरो भन्नु केही छैन् । तर यो पार्टीसँग उसको सम्बन्धको कुरा गर्नु हुन्छ भने उसका नेताको अभिव्यक्तिले नै प्रष्ट पारिसकेको छ कि यो पार्टीलाई कसरी सिद्ध्याउने, यो पार्टीलाई कसरी समाप्त पार्ने । त्यसका लागि कुन-कुन तरिका अपनाउने, कहाँ प्रहार गर्ने यी सबै कुरा उनीहरूले भनिरहेको गरिरहेकोबाट हामीले बुझिसकेको छौँ ।" अध्यक्ष नेपालले कुनै पनि हिसाबले एमालेसँग पार्टी एकताको भ्रममा नपर्न आग्रह गरेका छन् । उनले एकता राष्ट्रिय अभियानसँगको एकताले पार्टीलाई बलियो बनाउन कसैले रोक्न नसक्ने बताए । वामदेव गौतमले नेपालमा कम्युनिष्ट पार्टी एउटै निर्माण गर्नुपर्ने बताए । उनले भने, "आज म एक्लै आएको छैन । एक्लै आउँदा कहिल्यै पनि सफल भइन । चार वर्ष लाग्यो । त्यसो भएर आज म नेकपा एकता राष्ट्रिय अभियान बोकेर आएको छु । धेरै कमरेडहरुलाई सँगै ल्याएको छु । नेपालमा कम्युनिष्ट पार्टी एउटै निर्माण गर्नुपर्छ । छरिएर रहेका कम्युनिष्ट पार्टीलाई एकतावद्ध गर्नुपर्छ ।"

## ११ वर्षे बालक डेढ...

...उनि खोरभित्र थुनिएर पनि हरेक समय खुसी हुने उपाय खोजिरहेका छन् । परिवारले छोराको उपचारका लागि विभिन्न अस्पतालमा नपुऱ्याएको भने होइन । परिवारको अवस्थाअनुसार पवनको उपचारमा सक्दो सहयोग भइरहेको छ । छोराको लालनपालन र उपचार खर्च जुटाउन बुबा कृष्णबहादुर विगत आठ वर्षदेखि वैदेशिक रोजगारीमा छन् । जग्गा जमिन केही छैन, जीवन धान्न गाउँमा छिमेकीको खेती किसानी गरेर जीविकोपार्जन गर्दै आएको पुर्नामायाले बताइन् । पुर्नामायाका जुम्ल्याहा छोरामध्ये पवन जेठो छोरा हो । कान्छो छोरा पविनको अवस्था भने राम्रो छ । आफूले एकै पटक जन्माएका दुई सन्तानमध्ये एकले कक्षा ६ मा पढ्ने अर्को फलामको खोरमा थुनेर राख्नुपर्दा उनको मन खिन्न छ । बेहोसी अवस्थामा लथालिङ्ग तरिकाले यत्रतत्र हिँड्न थालेपछि भैपरी आउने दुर्घटनाबाट जोगाउन २० हजारको लागतमा फलामको खोर बनाएर राख्न थालेपछि ढुक्कले घरायसी कामकाज गर्न पाइएको पुर्नामायाले बताइन् । "छोरालाई फलामे खोरमा राखेको देख्दा केही व्यक्तिले गाली गर्छन्, परिवारको आर्थिक अवस्था कमजोर छ, छोरालाई मात्रै हेरेर बस्न भ्याइँदैन, खेतीबाली लगाउने, स्याहार्ने काम गर्नुपऱ्यो, घरमा अभिभावक म मात्रै हुँ, देख्नेलाई भन्दा भोग्नेलाई पीडा के हो भन्ने थाहा हुन्छ, काम भएका बखत खोरमा राख्ने हो, काम नहुँदा बाहिर निकालेर रेखदेख गर्ने गरेकी छु, साँझ खाना खुवाएर साथमै सुताउने गरेको छ", उनले आृनो दुखेसो सुनाइन् । पवनलाई एक वर्षको हुँदा काभ्रेपलाञ्चोकको बनेपास्थित अपाङ्गतासम्बन्धी उपचार गर्ने अस्पतालमा खुट्टाको उपचार गरिएको उनको भनाइ छ । उपचारपश्चात् खुट्टामा केही सुधार आए पनि शल्यक्रिया गर्न नपाउँदै एक्कासि मुटुमा समस्या देखिएपछि सहिद गङ्गालाल राष्ट्रिय फदय केन्द्रमा रामपुर नगरपालिकाको सहयोगमा मुटुको शल्यक्रिया गरेको उनले जानकारी दिइन् । मस्तिष्कको शल्यक्रिया गर्न चिकित्कले भने पनि आर्थिक अवस्था नाजुक हुँदा गर्न नसकिएको पुर्नामायाले बताइन् । बालक पवनले मस्तिष्क, दुईवटै खुट्टाको पैताला, बोल्न नसक्ने जस्ता विभिन्न समस्या झेल्दै आएका छन् । छोराको अवस्थाले परिवार चिन्तामा परेको छ । कतैबाट आर्थिक सहयोग जुटेमा छोराको मस्तिष्कको शल्यक्रिया गर्ने इच्छा रहेको परिवारको भनाइ छ ।

## पाल्पामा आज...

...कार्यक्रममा सहभागी हुने साइकल यात्रीहरुले यहाँका विभिन्न प्रमुख धार्मिक स्थलहरु तथा पर्यटकीय स्थलहरुलाई घडीको दिशामा परिक्रमा गरी ५५ किलो मिटरको यात्रा पुरा गर्ने उनको भनाई छ । कोराको शुभारम्भ तानसेनस्थित पाल्पा दरबार संग्रहालय अगाडिबाट गरिने उपाध्यक्ष शाक्यले बताए । विहान ७ बजे सुरु हुने कार्यक्रमको औपचारिक प्रारम्भ भने टुँडिखेलबाट हुने छ । टुँडिखेलबाट निस्कने ऱ्याली दरबार परिसरमा गई यात्रा सुरु हुने उनको भनाई छ । त्यहाँबाट बतासेडाँडा, भैरवस्थान मन्दिर, जलेश्वर मन्दिर, वयदर राडर टावर, डुम्रे, प्रभास हुँदै जिल्लाका विभिन्न स्थान परिक्रम गरि पुन : पाल्पा दरबार परिसरमा आएर कार्यक्रम समापन हुनेछ । स्वास्थ्यका लागि साईक्लिङ्गको महत्व बुझाउन, धार्मिक स्थलहरूको प्रचार र यहाँका पर्यटकीय क्षेत्रको प्रर्वद्धन गर्न कोरा साइक्लिङ च्यालेञ्ज महत्वपूर्ण हुने उपाध्यक्ष शाक्यले विश्वास लिए । उनले भने, "कोरा केवल साइकल यात्रुहरूको जमघट मात्र होइन, यो समाजका लागि योगदान गर्ने एक महान अवसर पनि हो । पाल्पावासीहरूको उत्साह देख्दा हामी अत्यन्त उत्साहित छौं ।" कार्यक्रममा सहभागी हुनेलाई रजिस्टेसनमार्फत ५ सय लिने व्यवस्था रहेको छ । पाल्पा जेसिज, दी फेमस महिन्द्र दल गण, एक्सेस एजुकेसन नेटवर्क प्रालि लगायतका संस्थाहरुको कार्यक्रममा सहयोग रहने छ । मिडिया पार्टनरका रुपमा नवजनचेतना राष्ट्रिय दैनिक, शितलपाटी डटकम, युनिक एफएम र एभिन्यूज टेलिभिजन रहेका छन् ।

खेलकुद समाचार

## भूटानलाई हराउँदै बङ्गलादेश शीर्ष स्थानमा



**काठमाडौं,** साउन २/भूटानलाई हराउँदै बङ्गलादेश २० वर्षमुनिको साफ महिला च्याम्पियनशिपको शीर्ष स्थानमा उक्लिएको छ । बङ्गलादेश ३-० ले विजयी भयो । बङ्गलादेशको यो लगातार चौथो जीत हो । जीतसँगै शीर्ष स्थानमा फेरि फर्किएको बङ्गलादेशले १२ अङ्क पुऱ्याएको छ । समान खेलबाट ९अङ्क बटुलेको नेपाल दोस्रो स्थानमा छ । यस्तै बङ्गलादेश राष्ट्रिय फुटबल टोलीले आउँदो सेप्टेम्बरमा नेपालमा दुईवटा फिफा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्ने भएको छ । बङ्गलादेश फुटबल महासै ( बीएफएफ) को बिहीबार बसेको यो निर्णय गरेको हो । बैठकले नेपालसँगको खेललाई प्राथमिकता दिँदै दशरथ रङ्गशालामा मैत्रीपूर्ण खेल खेल्ने निर्णय गरेको छ । अखिल नेपाल फुटबल सै (एन्फा) ले यसअघि गएको असार २३ मा नै सामाजिक सञ्जालमार्फत बङ्गलादेशसँग दुई मैत्रीपूर्ण खेल खेल्ने घोषणा गरेको थियो । त्यसको १० दिनपछि मात्रै बीएफएफ निष्कर्षमा पुगेको हो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## प्रभु हेलिकप्टरले आइपिओ निष्कासन गर्दै




**पाल्पा,** साउन २/प्रभु हेलिकप्टर लिमिटेडले सर्वसाधारणका लागि आइपिओ निष्कासनको तयारी गरेको छ । आफ्नो स्थापनाको १०औं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले आइपिओ निष्कास गर्न लागेको हो ।

उसले आइपिओ जारी गर्नका लागि आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरिसकेको छ । एक दशकअघि तत्कालीन मुक्तिनाथ हेलिकप्टरका नामबाट सञ्चालित कम्पनीलाई प्रभु ग्रुपले २०७२ सालमा सम्पूर्ण शेय खरिद गरी प्रभु हेलिकप्टरका नामबाट सञ्चालनमा ल्याएको हो । "नेपालको विविध र चुनौतीपूर्ण भौगोलिक अवस्थामा सुरक्षित, भरपर्दो र प्रभावकारी हवाई यातायात सेवामा प्रतिबद्ध भई निरन्तर लागेका छौं, आगामी दिनमा पनि यात्रु तथा सेवाग्राहीबाट यही किसिमको माया र विश्वास पाउने अपेक्षा गर्दछौं", कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । प्रभु हेलिकप्टरले विशेष गरी मुलुकको पर्यटन क्षेत्रका साथै आकस्मिक उद्धार, सामग्री ढुवानीलगायतका क्षेत्रमा काम गरिरहेको छ । सुरुआती चरणमा एउटा रोबिन्सन हेलिकप्टरबाट व्यावसायिक यात्रा सुरु गरेको प्रभुले हाल दुई एयरबस एच १२५ मार्फत उडान सेवा प्रवाह गरिरहेको छ । कम्पनीले हाल पोखरा, काठमाडौं र लाङटाङमा हेलिकप्टर टुर तथा साइटसिङ सेवा उपलब्ध गराइरहेको छ भने मुक्तिनाथ, गोसाइकुण्ड, कालीञ्चोक भगवती र लुम्बिनीमा पनि हेलिकप्टर टुर उपलब्ध गराउँदै आएको छ । साथै सगरमाथा, अन्नपूर्ण र माछापुच्छे हिमालको आधार शिविरमा पनि हवाई उडान गर्नुका साथै उद्धारलगायतका सेवा उपलब्ध गराउँदै आएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई